सागामिहारा-सि को नागरिक स्वास्थ्य बिमा कर सम्बन्धी जानकारी (नेपाली भाषामा)

विषयसूची

1. नागरिक स्वास्थ्य बिमा प्रणाली......P1

2. सदस्यता लिने/त्याग्ने निवेदन दाखिला......(1) नागरिक स्वास्थ्य बिमा सदस्यता लिने प्रक्रिया......P2

(2) नागरिक स्वास्थ्य बिमा सदस्यता त्याग्ने प्रक्रि......P2

(3) अन्य प्रक्रिया P2

*** "आर्थिक वर्ष" र "वार्षिक" सम्बन्धमा**......P3

3. बिमा कर सम्बन्धमा......(1) बिमा कर निर्धारण हुने विधि......P3

(2) नागरिक स्वास्थ्य बिमा करको हिसाब विधि......P4

(3) सदस्य सङ्ख्या वा अघिल्लो वर्षको आय आदिमा परिवर्तन हुँदा......P5

(4) बिमा कर कम गर्ने......P5

(5) आय घोषणा आवेदन सम्बन्धमा......P6

(6) बिमा कर छुट सम्बन्धमा......P6

4. बिमा कर चुक्ता सम्बन्धमा......(1) बिमा कर कसरी चुक्ता गर्ने सम्बन्धमा......P7

(2) बिमा कर चुक्ता नगरेको अवस्थामा......P7

(3) चुक्ता गर्न मुश्किल पर्दाको समयमा......P7

*** सोधपुछ गर्ने ठाउँ**......P8

1. नागरिक स्वास्थ्य बिमा प्रणाली

स्वास्थ्य बिमा भनेको रोग वा चोटपटक लागेर चिकित्सा निकायहरूमा जानुपर्दा आर्थिक भार हलुका होस् भन्नका लागि, पहिले देखि नै एक-आपसमा मिलेर पैसा जोहो गरी चिकित्सा खर्चमा पूर्ति गर्ने, आपसी सहायतालाई लक्षित गरिएको चिकित्सा बिमा प्रणाली हो। स्वास्थ्य बिमामा, काम गर्ने ठाउँबाट सदस्यता लिने र बसोबास दर्ता गरिराखेको गाउँपालिका/नगरपालिकाबाट सदस्यता लिने गरी दुई प्रकार हुन्छन्। जापानमा बसोबास दर्ता गरिराखेका व्यक्तिले, कुनै एक सार्वजनिक चिकित्सा बिमाको सदस्यता लिएर बिमा कर भुक्तानी गरेमा, रोग वा चोटपटक लाग्दा बिमा प्रमाणलाई चिकित्सा निकायहरूको काउण्टरमा प्रस्तुत गरेमा उपचार खर्चको 30 देखि 20% मात्रै भुक्तानी गरी ढुक्कका साथ चिकित्सा सेवा प्राप्त गर्न सकिन्छ।

3 महिना नाघ्ने बसोबास अवधि निर्धारण भएर, सागामिहारा-सि मा बसोबास दर्ता गर्नु भएका निम्न व्यक्ति बाहेकले नागरिक स्वास्थ्य बिमाको सदस्यता लिनै पर्ने हुन्छ।

・नागरिक स्वास्थ्य बिमाको सदस्यता लिन नपाउने व्यक्ति

① कार्यस्थलको स्वास्थ्य बिमाको बिमित तथा निजको आश्रित परिवार

② सेइखाचु-होगो अर्थात जीवनयापन संरक्षण प्राप्त गरिराखेको व्यक्ति

③ बसोबास अवधि 3 महिना वा सो भन्दा कम भएका व्यक्ति (तथापि, बसोबास अवधि 3 महिना वा सो भन्दा कम भएपनि,
श्रम कल्याण मन्त्रीले तोकेको बसोबास योग्यता (भिसा) अनुसार मान्यता पाएको व्यक्तिले सदस्यता लिन सक्ने हुनसक्छ।)

④ अन्य विशेष कारण भएका व्यक्ति जसलाई श्रम कल्याण मन्त्रालयको आदेशले तोकेको हुन्छ

2. सदस्यता लिने/त्याग्ने निवेदन दाखिला

प्रक्रिया गर्ने ठाउँ	
	① **राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा**
	② **मिदोरि/मिनामि वार्ड अफिसको कु-मिन् शाखा**
	③ **हरेक माचि-जुकुरि-सेन्ता अर्थात समुदाय विकास केन्द्र (हासिमोतो/केन्द्रीय ६ क्षेत्र/ओवनो-मिनामि बाहेक) वा तिनका स्थानीय शाखा कार्यालय**
	④ **च्युओउ वार्ड अफिसको कु-मिन् शाखा**

(1) नागरिक स्वास्थ्य बिमाको सदस्यता लिने प्रक्रिया

प्रक्रिया आवश्यक पर्ने समय	आवश्यक पर्ने चिज	प्रक्रिया गर्ने ठाउँ
सागामिहारा-सि मा बसाइँ (जापान प्रवेश)आउँदा	• बसाइँजाने प्रमाणपत्र • जाइन्यू (बसोबास)कार्ड	②③④
कार्यस्थलको स्वास्थ्य बिमा छोड्दा	• जाइन्यू (बसोबास)कार्ड • स्वास्थ्य बिमा योग्यता विहीन प्रमाणपत्र इत्यादि	①②③
बच्चा जन्मिँदा	• जाइन्यू (बसोबास)कार्ड • बोसि तेच्यो (मातृशिशु स्वास्थ्य पुस्तिका)	②③④

(2) नागरिक स्वास्थ्य बिमा सदस्यता त्याग्ने प्रक्रिया

प्रक्रिया आवश्यक पर्ने समय	आवश्यक पर्ने चिज	प्रक्रिया गर्ने ठाउँ
सागामिहारा-सि बाट बसाइँ (जापानबाट बहिर्गमन) जाँदा	• नागरिक स्वास्थ्य बिमा प्रमाण* • जाइन्यू (बसोबास)कार्ड	②③④
कार्यस्थलबाट स्वास्थ्य बिमाको सदस्यता लिँदा	• कार्यस्थलको स्वास्थ्य बिमा प्रमाण • नागरिक स्वास्थ्य बिमा प्रमाण*	①②③
मृत्यु हुँदा	• नागरिक स्वास्थ्य बिमा प्रमाण*	②③④
बसोबास योग्यता (भिसा) समाप्त हुँदा	• नागरिक स्वास्थ्य बिमा प्रमाण*	②③④

* तपाईंसँग आफ्नो स्वास्थ्य बीमा प्रमाणको रूपमा प्रयोग गर्न दर्ता गर्नुभएको माइ नम्बर कार्ड भए पनि, यदि तपाईंसँग कागज/प्लास्टिक स्वास्थ्य बीमा प्रमाण छ भने त्यसलाई आफूसँगै ल्याउनु पर्छ।

(3) अन्य प्रक्रिया

प्रक्रिया आवश्यक पर्ने समय	आवश्यक पर्ने चिज	प्रक्रिया गर्ने ठाउँ
सागामिहारा-सि भित्रैको ठेगाना परिवर्तन हुँदा	• जाइन्यू (बसोबास)कार्ड • नागरिक स्वास्थ्य बिमा प्रमाण*	②③④
घरमूली या नामथर परिवर्तन हुँदा	• जाइन्यू (बसोबास)कार्ड • नागरिक स्वास्थ्य बिमा प्रमाण*	②③④
बिमा प्रमाण हराउँदा, मैलो हुँदा	• जाइन्यू (बसोबास)कार्ड • मैलो हुँदा, उक्त नागरिक स्वास्थ्य बिमा प्रमाण*	①②③

* तपाईंसँग आफ्नो स्वास्थ्य बीमा प्रमाणको रूपमा प्रयोग गर्न दर्ता गर्नुभएको माइ नम्बर कार्ड भए पनि, यदि तपाईंसँग कागज/प्लास्टिक स्वास्थ्य बीमा प्रमाण छ भने त्यसलाई आफूसँगै ल्याउनु पर्छ।

● **सदस्यता लिने/त्याग्ने प्रक्रिया गर्दा 14 दिन भित्रमा**

सदस्यता लिनै पर्ने हुँदाहुँदै पनि सो निवेदन दाखिला गर्न ढिला भएमा....

◎ बिमा प्रमाण नहुने हुनाले चिकित्सा खर्च मध्ये सबै रकम आफैँले वहन गर्नुपर्ने हुन्छ (सिद्धान्ततः बिमा लाभ प्राप्त गर्दा पहिले खर्च भएको रकमको लागि पाउन सकिन्न।)।

◎ बिमा कर तिर्दा भने निवेदन दाखिला गरेको महिनाबाट नभएर, उक्त बिमाको लागि योग्य भएको सुरुवाती महिना देखि नै पहिलेको समेत चुक्ता गर्नुपर्ने हुनजान्छ।

*** "आर्थिक वर्ष" र "वार्षिक" सम्बन्धमा**

"आर्थिक वर्ष" ....अप्रिल देखि आगामी वर्षको मार्च सम्मको 12 महिना हो

"वार्षिक" ....जनवरी देखि डिसेम्बर सम्मको 12 महिना हो

3. बिमा कर सम्बन्धमा

बिमा कर-चुक्ता गर्नुपर्ने दायित्व घरमूलीको रहन्छ। तसर्थ, घरमूलीले नागरिक स्वास्थ्य बिमाको सदस्यता नलिएको भएपनि, घरमूलीको नाममा कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

* सदस्यता लिने प्रक्रिया ढिला हुन गएर, पहिले देखि कै सदस्यता लिनु पर्दा, लागु-करको पनि अधिकतम 3 वर्ष पहिले सम्मको, आर्थिक वर्ष पिच्छेको कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

बिमा कर तिराउँदा 1 पटकमा नै सबै चुक्ता गर्नुपर्ने गरी म्याद राखिन्छ।

(1) बिमा कर निर्धारण हुने विधि

बिमा कर गणना गर्दा,अघिल्लो वर्ष जनवरी देखि डिसेम्बर सम्मको आयहरूको आधारमा **आर्थिक वर्ष** पिच्छे गरिन्छ।

बिमा कर हिसाब गर्दा सदस्यताको निवेदन दाखिला गरेको महिना नभएर, कर्मचारी बिमाको योग्यता विहीन भएको या बसाइँ आएको आदि कारणले, सागामिहारा-सि को नागरिक स्वास्थ्य बिमा लागु भएको महिना देखि गरिन्छ।

$$\text{आर्थिक वर्षको बीचमा सदस्यता लिँदाको बिमा कर..वार्षिक बिमा कर} \times \frac{\text{सदस्यता लिएको महिना देखि मार्च सम्मको महिना सङ्ख्या}}{12}$$

$$\text{आर्थिक वर्षको बीचमा सदस्यता त्याग्दाको बिमा कर..वार्षिक बिमा कर} \times \frac{\text{अप्रिल देखि सदस्यता त्यागेको अघिल्लो महिना सम्मको महिना सङ्ख्या}}{12}$$

(2) नागरिक स्वास्थ्य बिमा करको हिसाब विधि (सन् 2024)

नागरिक स्वास्थ्य बिमा कर गणना गर्दा, अघिल्लो वर्षको आयहरूको आधारमा आर्थिक वर्ष पिच्छे गरिन्छ।

नागरिक स्वास्थ्य बिमा कर हिसाब गर्दा, सदस्यताको निवेदन दाखिला गरेको महिना नभएर, कर्मचारी बिमाको योग्यता विहीन भएको या बसाईँआएको आदि कारणले, नागरिक स्वास्थ्य बिमाको लागि योग्य भएको महिना देखि गरिन्छ।

"A: चिकित्सा सेवाको हिस्सा", "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा" एवम् "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा" सम्बन्धमा, ① देखि ③ को बुँदाको आधारमा, हरेकको हिसाब गरी, त्यसको कुल राशि नै वार्षिक बिमा कर राशि हुन आउँछ।

नागरिक स्वास्थ्य बिमा कर	**[①: आय दर]** अघिल्लो वर्ष भरीको समग्र आय रकमहरू (*) —आधारभूत छुट राशि	**[②: समान दर]** प्रति सदस्य बराबरको राशि	**[③: बराबरी दर]** प्रति घरपरिवार बराबरको राशि
A: चिकित्सा सेवाको हिस्सा	① को **6.40%**	**27,000 येन** × व्यक्ति सङ्ख्या	**17,000 येन**
B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा	① को **2.7%**	**11,000 येन** × व्यक्ति सङ्ख्या	**7,000 येन**
C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा	① को **2.32%**	**11,500 येन** × व्यक्ति सङ्ख्या	**6,000 येन**

* समग्र लागु-करको हिस्साको आय र विशेष छुट पश्चातको पूजीगत बेचबिखन आय (5 वर्ष वा सो भन्दा मुनिको छोटो अवधि/5 वर्ष भन्दा माथिको लामो अवधिबाट हुने लाभ), सेयर बजारमा लिस्टेड सेयर आदि सँग सम्बन्धित बेचबिखन घाटाको क्यारि-फर्वाड छुट पश्चातको बेचबिखन आय, सेयर बजारमा लिस्टेड सेयर आदिको बेचबिखन घाटा र लाभांश आय बीचको लाभ-हानी हिसाब पश्चातको आय एवम् क्यारि-फर्वाड छुट पश्चातको सेयर बजारमा लिस्टेड सेयर आदिको लाभांश आय आदि, समग्र नियमित लागु-कर बाहेकको आय सबै जोडेर आएको रकमलाई समग्र आय रकमहरू मानिन्छ।

✻ "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा" भनेको, उत्तरार्द्धका वृद्ध व्यक्ति चिकित्सा सेवा प्रणालीमा टेवा पुऱ्याउने रकम (सदस्य सबैलाई करको भाग तोकेको हुने)।

✻ "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा" भनेको, 40 देखि 64 वर्ष उमेरका सदस्यलाई करको भाग तोक्ने।

✻ लागु-करको सीमा राशि (वार्षिक बिमा करको सीमा राशि जसलाई जापानीमा खाजेइ गेन्दोउ गाकु भनिन्छ)

"A: चिकित्सा सेवाको हिस्सा: 650,000 येन", "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा: 240,000 येन ", "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा: 170,000 येन"

40 वर्ष उमेरको हुने व्यक्ति	40 वर्ष उमेरको जन्म महिना (1 तारिख जन्म मिति भएको व्यक्तिलाई त्यसको अघिल्लो महिना) देखि,"C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा"मा करको भाग तोक्ने।
65 वर्ष उमेरको हुने व्यक्ति	65 वर्ष उमेरको हुने व्यक्तिको "C: केयर गिभिङ् भुक्तानी रकमको हिस्सा"को बिमा कर राशि हिसाब गर्दा, 65 औँ वर्षको जन्म महिनाको अघिल्लो महिना (1 तारिख जन्म मिति भएको व्यक्तिलाई त्यो भन्दा दुई महिना अगाडि) सम्मको महिनाको सङ्ख्या अनुसार गर्ने। * 65 वर्ष उमेर भन्दा माथि भने, भिन्दै केयर गिभिङ् बिमा शुल्क लाग्न जान्छ।
75 वर्ष उमेरको हुने व्यक्ति	75 वर्ष उमेरको हुने व्यक्तिको "A: चिकित्सा सेवाको हिस्सा", "B: उत्तरार्द्धका वृद्ध व्यक्ति सहायता रकमको हिस्सा"को बिमा कर राशि हिसाब गर्दा, 75 औँ वर्षको जन्म महिनाको अघिल्लो महिना सम्मको महिनाको सङ्ख्या अनुसार गर्ने। * 75 वर्ष उमेर भन्दा माथि भने, भिन्दै उत्तरार्द्धका वृद्ध व्यक्तिको चिकित्सा बिमा शुल्क लाग्न जान्छ।

(3) सदस्य सङ्ख्या वा अघिल्लो वर्षको आय आदिमा परिवर्तन हुँदा

आर्थिक वर्षको बीचमा सदस्यता लिने/त्याग्ने गरेर सदस्य सङ्ख्यामा घटबढ भएको या अघिल्लो वर्षको आयमा परिवर्तन आएर बिमा कर परिवर्तन हुँदा, कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

आर्थिक वर्षको बीचमा घरमूली परिवर्तन हुँदा, कर-चुक्ता गर्ने दायित्व भएको व्यक्ति परिवर्तन गरिन्छ। परिवर्तित दिनको अघिल्लो महिनाको हिस्सा सम्म अघिल्लो घरमूलीलाई, परिवर्तित महिना देखि नयाँ घरमूलीलाई, आ-आफ्नो कर-चुक्ता सूचना पत्र प्रेषण गरिन्छ।

● **सावधानी:** आर्थिक वर्षको बीचमा बसाइँ आउने व्यक्तिलाई

◎ अन्य गाउँपालिका/नगरपालिकाबाट बसाइँ आउँदा: तपाईंको भर्ना प्रक्रियाको अर्को महिना कर-चुक्ता सूचना पत्र प्रेषण गरिनेछ, बसाइँ आउनु भन्दा पहिलेको गाउँपालिका/नगरपालिकामा अघिल्लो वर्ष भरीको समग्र आय रकमहरू आदि बारे जाँच पश्चात गरिसके पछि। यदि तपाईंले बसाइँ आउनु भन्दा पहिलेको गाउँपालिका/नगरपालिकामा नभई अर्को ठाउँमा आफ्नो 'अन्तिम कर फिर्ती घोषणा आवेदन'(खाकुतेइ सिन्कोकु) फाइल गर्नुभयो भने, वा महिनाको अन्तमा फाइल गर्नुभयो भने, आयको रकमको बारेमा जानकारी प्राप्त गर्न झन् लामो समय लाग्ने कारणले गर्दा तपाईंले दुई पटक कर-चुक्ता सूचना पत्र पाउन सम्भावना छ। बसाइँ आउनु भन्दा पहिलेको गाउँपालिका/नगरपालिकामा आय घोषणा आवेदन नगरेका व्यक्तिले, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा "नागरिक स्वास्थ्य बिमा कर घोषणा आवेदन पत्र" पेस गर्नुहोला।

◎ विदेशबाट बसाइँ आउँदा: सदस्यता लिने प्रक्रिया अपनाउँदा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा "नागरिक स्वास्थ्य बिमा कर घोषणा आवेदन पत्र" पेस गर्नुहोला।

(4) बिमा कर कम गर्ने

(क) आयमा आधारित प्रणाली

① घरमूली र त्यस बाहेकका सदस्य सबैको कुल आय राशि 4,30,000 येन + {1,00,000 येन × (तलब कमाउनेहरू आदिको संख्या* -1)} वा सो भन्दा कम भए, समान दर राशि, बराबरी दर राशि 70% कम गरिन्छ।

② घरमूली र त्यस बाहेकका सदस्य सबैको कुल आय राशि 4,30,000 येन + (2,95,000 येन ×बिमित सङ्ख्या) + {1,00,000 येन × (तलब कमाउनेहरू आदिको संख्या* -1)} वा सो भन्दा कम भए, समान दर राशि, बराबरी दर राशि 50% कम गरिन्छ।

③ घरमूली र त्यस बाहेकका सदस्य सबैको कुल आय राशि 4,30,000 येन + (5,45,000 येन ×बिमित सङ्ख्या) + {1,00,000 येन × (तलब कमाउनेहरू आदिको संख्या* -1)} वा सो भन्दा कम भए, समान दर राशि, बराबरी दर राशि 20% कम गरिन्छ।

* "तलब कमाउनेहरू आदि" तिनीहरूलाई जनाउँछ जसले निरन्तर तलब कमाइरहन्छन् वा सार्वजनिक निवृत्तिभरण, आदि प्राप्त गर्छन्।

सावधानी:

अघिल्लो वर्ष आय घोषणा आवेदन नगरेको बखतमा, आय राशि ① देखि ③ को शर्तसँग मिलेको भएपनि बिमा कर कम गरिने छैन। आर्थिक वर्ष पिच्छे अवश्य पनि आय घोषणा आवेदन गर्नुहोला।

(ख) समान दर राशिमा आधारित आश्रित बच्चाको लागि कर प्रणाली

कानूनको परिवर्तन अन्तर्गत, पूर्वस्कूल जाने उमेर भएका (प्राथमिक विद्यालयमा प्रवेश गर्नु अघि) आश्रित बच्चाको समान दर राशि (चिकित्सा सेवाको हिस्सा र सहायता रकमको हिस्साको लागि) 50% ले घटेको छ, अप्रिल 1, 2022 देखि। त्यसकारण, 2024को आर्थिक वर्षको लागि कर कटौतीको लागि लक्षित जनसंख्यालाई 18 वर्ष र मुनिका मानिसहरूलाई समावेश गर्न विस्तार गरिएको छ (18 वर्षको उमेर को जन्मदिन पछिको अर्को मार्च 31 सम्म)। यो सागामिहारा सहरको आफ्नै प्रयासको एउटा हिस्सा हो, साना बालबालिका भएका परिवारहरूलाई मदत गर्ने उद्देश्यले।

(ग) विशिष्ट योग्य प्राप्तकर्ताहरूको लागि प्रणाली, आदि (घोषणा आवश्यक)

जसलाई "रोजगारी बिमा योग्यता प्रमाणपत्र (वा योग्यताको सूचना)" जारी गरिएको छ र निम्न सर्तहरू ① देखि ③ पूरा गर्छन्, बीमा कर छुटको लागि योग्य हुन सक्छन्। विवरणका लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

① सागामिहारा-सि को नागरिक स्वास्थ्य बिमा सदस्यहरू

② रोजगारी छाडेको मितिमा 65 वर्ष कम उमेरका व्यक्तिहरू

③ तिनीहरु जसका रोजगारी बिमा योग्यता प्रमाणपत्र, आदिमा उल्लेख गरिएको रोजगारी छाडेको कारण निम्न कोडहरू मध्ये कुनै एकसँग मेल खान्छ:

- विशिष्ट योग्य प्राप्तकर्ताहरू: 11, 12, 21, 22, 31, 32

• विशेष कारणहरूले गर्दा रोजगारी छाडेकाहरू: 23, 33, 34

(घ) जन्म दिन लागेकाहरू/योजना बनाएकाहरूको लागि प्रणाली

नोभेम्बर 2023 वा पछि बच्चा जन्माउने वा बच्चा जन्म दिने योजना भएका बीमित व्यक्तिहरूका लागि सुत्केरी हुनु अघि र पछिको अवधिको बीमा कर घटाइएको छ। सिद्धान्तत: सूचना पेश गर्न आवश्यक छ। विवरणका लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

(5) आय घोषणा आवेदन सम्बन्धमा

बिमा करको आय दर राशि निर्णय हुँदा, अघिल्लो वर्ष जनवरी देखि डिसेम्बर सम्मको आयको आधारमा अप्रिल देखि आउँदो साल मार्च सम्मको 12 महिनाको हिस्सा पर्छ। तसर्थ, अघिल्लो वर्षको आय घोषणा नभएमा, सही बिमा कर गणना गर्न नसकिने हुनाले बिमा कर कम गर्ने व्यवस्था पनि लागु गरिने छैन। 18 वर्ष उमेर वा सो भन्दा माथिका सदस्यले, जनवरी 1 तारिखमा बसोबास गरेको गाउँपालिका/नगरपालिकाको नागरिक कर शाखामा र, जनवरी 2 तारिख पछि जापान प्रवेश गरेका व्यक्तिले राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा अघिल्लो वर्षको आय घोषणा गर्नुहोला। साथै, कम्पनी मार्फत घोषणा आवेदन गराएका व्यक्ति या 'अन्तिम कर फिर्ती घोषणा आवेदन'(खाकुतेइ सिन्कोकु) गरेका व्यक्ति, बसाइँआउने व्यक्ति जसले पहिलेको ठेगाना रहेको गाउँपालिका/नगरपालिकाको नागरिक कर शाखामा घोषणा आवेदन गरिसकेका छन् उनीहरूले दोहर्‍याएर घोषणा आवेदन गर्नुपर्ने आवश्यकता रहँदैन।

अघिल्लो वर्ष आयको घोषणा आवेदन नगरेका व्यक्ति, बसाइँआउनु पहिलाको गाउँपालिका/नगरपालिकामा आयको घोषणा आवेदन नगरेका व्यक्ति, विदेशबाट बसाइँआएर राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन शाखा मा घोषणा आवेदन नगरेका व्यक्ति प्रति, बेलाबेलामा "नागरिक स्वास्थ्य बिमा कर घोषणा आवेदन पत्र" एवम् फिर्ती खाम राखेर प्रेषण गरिने हुनाले, लेखेर पेस गर्नुहोला।

(6) बिमा कर छुट सम्बन्धमा

निम्न शर्त भित्र पर्ने घरपरिवार, जसलाई **आर्थिक वर्ष 2024** को बिमा कर तिर्न मुश्किल भएको बखतमा, छुटको आवेदन दिन सकिन्छ।

<table>
<tr><th colspan="3">①<प्रकोप आइपर्दा हुने छुट></th></tr>
<tr><td colspan="2">प्रकोपमा परेर घरबारको 3 भागको 1 भाग वा सो भन्दा बढी क्षति व्यहोरेका घरपरिवार</td><td>सन् 2023 भरीमा घरपरिवारको आय 1 करोड येन भन्दा कम भए</td></tr>
<tr><th colspan="3"><बेरोजगारी आदि, गुजारा चलाउन गाह्रो पर्दाको छुट></th></tr>
<tr><td>②
बेरोजगारी आदि</td><td>कम्पनीको कारणले गरेर अवकाश (बर्खासी या कम्पनी टाट पल्टेको आदि), काम नचलेको अथवा काम रोकिएको वा कम्पनी खारेज भएको व्यक्तिका घरपरिवार</td><td rowspan="2">सन् 2024 भरीको अनुमानित आय सन् 2023भरीमा घरपरिवारले आर्जन गरेको आयको 70% वा सो भन्दा कम हुने गरी घट्ने अवस्थामा (*1)</td></tr>
<tr><td>③
गुजारा चलाउन गाह्रो</td><td>जीवन गुजारा चलाउनका लागि सार्वजनिक वा निजी सहायता प्राप्त गरिराखेको घरपरिवार</td></tr>
<tr><th colspan="3">④<बिरामी पर्दाको छुट></th></tr>
<tr><td colspan="2">बिरामी भएर चिकित्सा खर्चमा ठुलो धनराशि खर्च हुने घरपरिवार</td><td>सन् 2024 भरीको चिकित्सा खर्च (कर छुटको दायरामा परेको हिस्सा), सन् 2024 साल भरीमा उक्त घरपरिवारको अनुमानित आय भन्दा 30% वा सो भन्दा माथि हुने अवस्थामा</td></tr>
<tr><th colspan="3">⑤<बेचबिखन बाट भएको आय सम्बन्धी छुट></th></tr>
<tr><td colspan="3">व्यवसाय या आवास आदिको ऋण तिर्नका लागि, सन् 2023 साल भित्र जग्गा या घरबार बेची उक्त आम्दानी मध्येको सम्पूर्ण राशि ऋण तिर्नमा लगाएको अवस्थामा</td></tr>
<tr><th colspan="3">⑥<थुना अवधिको छुट></th></tr>
<tr><td colspan="3">कारागार आदिमा थुनिएर, स्वास्थ्योपचार खर्च भत्तामा हदबन्दी लागु भएको अवस्थाम</td></tr>
</table>

* सन् 2023 साल भरीमा घरपरिवारको आय 20 लाख येन वा सो भन्दा कम भएका घरपरिवारको लागि 80% भन्दा कम

* ②/③/④/⑤को अवस्थामा, माथि उल्लेखित शर्तका अलावा, सन् 2024 साल भरीको घरपरिवारको अनुमानित आय राशि र जीवनयापन संरक्षणको मापदण्ड अनुसार हिसाब निकालेर, मानक जीवनयापन खर्च बीचको अनुपात अनुसार लागु गर्ने नगर्ने निर्णय गरिन्छ।

* आर्थिक वर्ष 2024 भित्रमा आवेदन दिनुपर्ने हुन्छ। (⑥ को अवस्थामा बाहेक)

* आर्थिक वर्ष 2023 भन्दा पहिलेको बिमा कर सम्बन्धमा, पहिलेको छुटको लागि आवेदन दिन सकिने छैन। (⑥ को अवस्थामा बाहेक)

* घरपरिवारको आय भन्नाले, घरमूली (नागरिक स्वास्थ्य बिमाको सदस्यता नलिएको घरमूली समेत समावेश।)

र नागरिक स्वास्थ्य बिमाको बिमित सबैजनाको आय बुझ्नुपर्छ।

माथि उल्लेखित आवेदन परामर्श काउण्टर भन्नाले, राष्ट्रिय स्वास्थ्य बीमा शाखा मा करको भाग तोक्ने टिम, वार्ड अफिसको कु-मिन् शाखा (च्युओउ वार्ड अफिस बाहेक), सिरोयामा/चुकुइ/सागामिको/फुजिनो का हरेक समुदाय विकास केन्द्र अर्थात माचि-जुकुरि-सेन्ता भन्ने बुझ्नुपर्छ।

4. बिमा कर कसरी चुक्ता गर्ने सम्बन्धमा

(1) बिमा कर चुक्ता गर्ने म्याद

सागामिहारा-सि मा अप्रिल देखि आउँदो साल मार्च सम्मको 12 महिनाको हिस्साको बिमा कर, जुन देखि आउँदो सालको मार्च महिना सम्म लगाएर, 10 पटकको किस्ताबन्दीमा चुक्ता गर्दै जानुपर्छ। जुन महिनाको मध्य तिर कर-चुक्ता सूचना पत्र प्रेषण गरिने भएकोले, खाममा हुने चुक्ता पत्र लिएर म्याद भित्रमा चुक्ता गर्नुहोला।

साथै, जुन महिना वा सो भन्दा पछि सदस्यता लिने प्रक्रिया गर्नुभएको अवस्थामा, प्रक्रिया गरेको अर्को महिना देखि आगामी मार्च सम्मको हिस्सालाई किस्ताबन्दीमा चुक्ता गर्नुपर्ने हुन्छ। कर-चुक्ता सूचना पत्रलाई, प्रक्रिया गर्नुभएको भन्दा अर्को महिनाको मध्य तिर प्रेषण गरिन्छ।

चुक्ता विधिमा यी तरिका सम्मवेश राखेका छन्: वित्तीय संस्था या कन्भिनियन्स स्टोर आदिमा गएर भुक्तानी गर्ने विधि, पे-ईजी (Pay-easy) द्वारा या स्मार्टफोन भुक्तानी (लाइन भुक्तानी (Line Pay), पेपे (PayPay), दी-पे (d-Pay), जे-कोइन् भुक्तानी (J-Coin Pay), एई-यू भुक्तानी (au PAY), र राकुतेन भुक्तानी (Rakuten Pay)) चुक्ता पत्र प्रयोग गरेर चुक्ता पत्रबाट भुक्तानी गर्ने विधि; क्रेडिट कार्ड भुक्तानी र पीसी, स्मार्टफोन आदि द्वारा खाताबाट रकमान्तर गरी भुक्तानी गर्ने विधि।

(2) बिमा कर चुक्ता नगरेको अवस्थामा

यदि तपाईंले म्याद भित्रमा बिमा कर चुक्ता गर्नुभएन र कर बक्यौतामा हुन्छ भने, बक्यौता अवधिको आधारमा निम्न कडा कदम चालिनेछ। कृपया बीमा कर म्याद भित्र चुक्ता गर्न सुनिश्चित गर्नुहोस्। साथै ढिला हुन गएको दिन गन्ती अनुसार, ढिला-सुस्ती रकम पनि चुक्ता गर्नुपर्ने हुन आउने हुनाले सावधानी अपनाउनुहोला।

● अनुस्मारक, जरुरी सूचना, टेलिफोन अनुस्मारक, आदि।

म्याद भित्र बिमा कर चुक्ता नगरेकोमा, एउटा अनुस्मारक पत्र पटाइनेछ। अझै चुक्ता गरिएन भने, छुट्टै जरुरी सूचना टेलिफोन वा लिखित रूपमा दिइन सक्छ।

● सम्पत्ति छानबिन/बक्यौताको विन्यास र प्रतिबन्ध प्रमाणपत्रको जारी

अनुस्मारक पछि विशेस कारण बिना अझै बिमा करको बक्यौता रहनेमा, व्यक्तिको सम्पत्ति (बचत, तलब, घरजग्गा, आदि) विवरणका सम्बन्धमा बैंक, रोजगारदाता वा सार्वजनिक कार्यालयसँग छानबिन गरिनेछ, र यदि सम्पत्तिको स्वामित्व फेला परेमा कानून बमोजिम बक्यौताको विन्यासको रूपमा सम्पत्ति जफत गरिनेछ।

साथै, बक्यौता राखिराखेको अवधिले एक निश्चित मापदण्ड पार गरेमा, सामान्य रूपमा बहाल रहने अवधि भन्दा छोटो अवधिको बिमित प्रमाण जारी गरिने हुनसक्छ। त्यसो गर्दा गर्दै पनि बक्यौता राखिराखेमा चिकित्सा निकायमा लाग्ने लागतको सबै स्वंयले वहन गर्नुपर्ने भई, पछि गएर वहन गरेको आंशिक बाहेकको रकम फिर्ता आउने प्रकारको 'बिमित योग्यता प्रमाणपत्र' जारी गरिनेछ।

* डिसेम्बर 2, 2024 पछि, यसलाई विशेष चिकित्सा उपचार खर्चको भुक्तानीमा परिवर्तन गरिनेछ।

(3) चुक्ता गर्न मुश्किल पर्दाको समयमा

उदाहरणको लागि, प्रकोपमा परेको या आफू स्वंय वा एउटै जीवन निर्वाह गरिराखेका आफन्तलाई रोग लागेर, ठुलो धनराशि खर्च हुने भएर गुजारा चलाउन मुश्किल भएको जस्ता विशेष परिस्थिति आइपरेको बेलामा, उक्त परिस्थिति अनुसार एक निश्चित अवधिको लागि, कर-चुक्ता मुलतबी गर्ने प्रणाली पनि रहेको छ। म्याद भित्रमा चुक्ता गर्न नसक्दा परामर्श गर्नुहोला।

- चुक्ता परामर्श काउन्टर -

・च्युओउ वार्डका बासिन्दाहरू र शहर बाहिर बस्नेहरू (टोकियोका 23 वटा विशेष वार्डहरू र कानागावा प्रान्त बाहेक अन्य प्रान्तहरू)

→सङ्कलन र समन्वय टोली 1 र 2, कर चुक्ता खण्ड ☎ 042-769-8300

・मिदोरि वार्डका बासिन्दाहरू र शहर बाहिर बस्नेहरू (टोकियो नगरपालिकाहरू (टोकियोका 23 वटा विशेष वार्डहरू बाहेक))

→सङ्कलन र समन्वय टोली, मिदोरिको नगरपालिका कर कार्यालय ☎ 042-775-8808

・ मिनामि वार्डका बासिन्दाहरू र शहर बाहिर बस्नेहरू (कानागावा प्रान्त, सागामिहारा-सि बाहेक)

→सङ्कलन र समन्वय टोली 1 र 2, मिनामिको नगरपालिका कर कार्यालय ☎ 042-749-2163

- खुल्ला समय -

[सोमबार देखि शुक्रबार] बिहान 8:30 देखि बेलुका 5:00 सम्म

* यदि तपाईंलाई काउन्टरमा आएर परामर्श लिन गाह्रो छ भने, हामी फोनद्वारा पनि परामर्श स्वीकार गर्छौं।

* सोधपुछ गर्ने ठाउँ

▪सागामिहारा-सि नागरिक स्वास्थ्य बिमा कल सेन्टर ☎042-707-8111

* जापानी बाहेक अरू भाषाहरू प्रणालीको बारेमा सामान्य सोधपुछका लागि उपलब्ध छन्। कलमा तीन पक्षहरू समावेश हुनेछन्: तपाईं, कल सेन्टर प्रतिनिधि, र एक जना दोभाषे।

<उपलब्ध भाषाहरू>

अङ्ग्रेजी, चिनियाँ, कोरियाली, भियतनामी, नेपाली, तागालोग, हिन्दी, पोर्चुगिज, इन्डोनेसियाली, थाई, स्पेनिस, फ्रेन्च, रुसी

* कृपया ध्यान दिनुहोस् कि दोभासे अर्को कलमा हुँदा यो सेवा उपलब्ध नहुन सक्छ।

<खुल्ला समय>

सोमबार देखि शुक्रबार (रातो बिदाहरू, वर्षान्त तथा नयाँ वर्षका दिनहरू बाहेक) 8:30 देखि 17:15 सम्म

दोस्रो तथा चौँथो शनिबार 8:30 देखि 12:00 सम्म

* कृपया ध्यान दिनुहोस् कि निम्न भाषाहरूका लागि, सेवा कल केन्द्रको खुल्ला समयमा पनि उपलब्ध नहुने निश्चित समयहरू छन्।

भाषा	उपलब्ध नभएको दिन	उपलब्ध नभएको समय
भियतनामी, थाई	--	बिहान 8:30 देखि 9:00 सम्म
नेपाली, तागालोग, हिन्दी, इन्डोनेसियाली, फ्रेन्च, रुसी	शनिबार	बिहान 8:30 देखि 9:00 सम्म